# २०८० मङ्सिर २१ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | विषय |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रपतिको कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्व स्वीकृति प्रदान गर्ने। |
| २ | अर्थ मन्त्रालय | विश्व बैंकबाट प्राप्त हुने प्रस्तावित 100 मिलियन अमेरिकी डलर (करिब 13 अर्ब नेपाली रुपैयाँ) ऋणसम्बन्धी सम्झौताको दस्तावेजलाई अन्तिम रूप दिन बैंकसँग वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गर्ने र वार्ता गर्न अख्तियारी दिने। |
| ३ | अर्थ मन्त्रालय | जर्मनी सरकारबाट प्रस्तावित 35 मिलियन यूरो (करीव रु. ५ अर्व ९ करोड) अनुदान सहायता स्वीकार गर्ने र उक्त सहायता सम्झौतामा हस्ताक्षर गर्न अख्तियारी दिने। |
| ४ | अर्थ मन्त्रालय | पोलिटेक्निक इन्स्टिच्यूट स्थापना र नेपाली कृषकलाई मल उपलब्ध गराउनको लागि साउदी अरेविया सरकारबाट प्राप्त हुने २ मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने। |
| ५ | अर्थ मन्त्रालय | भारत सरकारको अनुदान सहायतामा सञ्चालन हुने हाइ इम्प्याक्ट कम्यूनिटी डेभलपमेन्ट प्रोजेक्ट (HICDP) कार्यान्वयनको लागि अनुदान सहायता स्वीकार गर्ने। |
| ६ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | कैलाली जिल्लाको त्रिनगर नाका र कपिलवस्तु जिल्लाको सुठौली नाकामा बिरुवा वा बिरुवाजन्य उपज निकासी वा पैठारी गर्दा जाँच वा उपचार गर्न क्वारेन्टाइन चेकपोष्टहरू स्थापना गर्ने। |
| ७ | खानेपानी मन्त्रालय | खानेपानी तथा सरसफाइ महसुल निर्धारण आयोगको अध्यक्ष पदमा श्री रुद्रप्रसाद गौतम तथा सदस्यहरूमा श्री यसोदा कार्की र श्रि कुलभूषण शेखर शर्मालाई नियुक्त गर्ने। |
| ८ | गृह मन्त्रालय | आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) बमोजिम आवश्यक सेवामा हड्ताल गर्न निषेध गरी आदेश जारी गर्ने र सो को सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने। |
| ९ | परराष्ट्र मन्त्रालय | माननीय परराष्ट्रमन्त्री श्री नारायण प्रकाश साउदको नेतृत्वको प्रतिनिधिमण्डललाई 2080 मंसिर 25 र 26 गते जेनेभामा आयोजना हुने "Human Rights 75" High-Level Event र 2080 मंसिर 28 र 29 गते आर्मेनियामा आयोजना हुने LLDCs Ministerial Meeting मा सहभागी हुन स्वीकृति दिने। |
| १० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | RCA Regional Office, Korea को आयोजनामा मिति २०८० मंसिर २६ देखि २९ सम्म थाईलैण्डको बैङ्ककमा संचालन हुने कार्यक्रममा सचिव श्री प्रमिलादेवी बज्राचार्यलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ११ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सहसचिव श्री रामप्रसाद पाण्डेले दिनुभएको राजिनामा मिति 2080/08/06 गते देखि लागू हुने गरी स्वीकृत गर्ने। |

| | | |
|---|---|---|
| १२ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | 2080 मंसिर 26-29 सम्म फ्रान्समा संचालन हुने Global Consultation Meeting मा अतिरिक्त स्वास्थ्य सचिव डा. दिपेन्द्र रमण सिंहलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| १३ | मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिबाट पेश भएको एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० स्वीकृत गर्ने। | |
| १४ | मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिबाट पेश भएको राष्ट्रिय बीमा नीति, २०८० स्वीकृत गर्ने। | |
| १५ | मन्त्रिपरिषद्, प्रशासन समितिबाट पेश भएको नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, राजपत्र अनंकित द्धितीय श्रेणीका फरेष्टरहरुको प्रदेशमा समायोजन गर्ने। | |
| १६ | मन्त्रिपरिषद्, विधेयक समितिबाट पेश भएको नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजनसम्बन्धी निर्देशिका, 2080 स्वीकृत गर्ने। | |
| १७ | मन्त्रिपरिषद्, प्रशासन समितिबाट पेश भएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने र महिला तथा बालबालिका विभाग खारेज गर्ने। | |
| १८ | एनसेलको शेयर खरिद विक्रीको निर्णयको सम्बन्धमा प्रचलित नेपाल कानूनको परिपालनाको विषय, राजस्वमा र नेपालमा वैदेशिक लगानीको सम्बन्धमा पर्न सक्ने असरलगायतका विषयमा अध्ययन तथा छानविन गरी ३० दिनभित्र प्रतिवेदन पेश गर्न पूर्व महालेखापरीक्षक श्री टंकमणी शर्मा दङ्गालको संयोजकत्वमा नेपाल सरकारका सचिव श्री फणीन्द्र गौतम, सहसचिव श्री बाबुराम भण्डारी, सहसचिव श्री रितेशकुमार शाक्य र आइक्यान परिषद्का अध्यक्ष श्री सुजनकुमार काफ्ले सदस्य रहनेगरी समिति गठन गर्ने। | |